# शरणार्थीहरू, आश्रय खोज्नेहरू, TPS धारकहरू र अन्य आप्रवासीहरूलाई असर गर्ने मुख्य परिवर्तनहरू:

## नयाँ र बढेको आप्रवासन शुल्कहरू

सन् २०२५ को जुलाई ४ मा, राष्ट्रपति ट्रम्पले **One Big Beautiful Bill Act (OBBBA)** लाई कानुनमा हस्ताक्षर  गर्नुभयो।। **स** प्रमुख वित्तीय ऐनले आप्रवासन कार्यान्वयनमा ठूलो बृद्धि त गर्छ नै, तर **धेरै आप्रवासनसम्बन्धी शुल्कहरू पनि बढाउँछ**, जसले धेरै व्यक्तिहरूको आप्रवासन प्रक्रियामा पहुँच गर्न वा जारी राख्न गाह्रो बनाउँछ।

यहाँ यी परिवर्तनहरूले IRC का ग्राहकहरूलाई कसरी असर गर्छ भन्ने बारे केही प्रायः सोधिने प्रश्नहरू (FAQs)को उत्तर छन्:

### म USCIS सँग स्थायी कानूनी बसोबास (LPR) को लागि आवेदन दिइरहेको छु, यी शुल्क परिवर्तनहरूले मलाई के असर गर्छ?

**USCIS सँग LPR को स्थिति समायोजन गर्न शुल्क** सामान्यतया प्रत्येक वयस्कका लागि **$1,440** बाट सुरु हुन्छ, तर **केही व्यक्तिहरूलाई शुल्क तिर्नुपर्दैन**, जस्तै शरणार्थीहरू, SIVs, विशेष आप्रवासी नाबालकहरू, आदि। OBBBA ले त्यस्ता आवेदनहरूमा कुनै नयाँ शुल्क थप्दैन जुन पहिले नै शुल्कमुक्त छन्।

तर यदि तपाईं **आप्रवासन अदालत (EOIR) मा आवेदन गर्दै हुनुहुन्छ** भने, OBBBA ले $1,050 EOIR शुल्कमा $1,500 **थप शुल्क** थप्छ, जसले गर्दा केही आवेदनहरूको कुल शुल्क **$2,940** हुन्छ। कृपया आफ्नो कानुनी प्रतिनिधिसँग सल्लाह गर्नुहोस्।

### म शरणको लागि आवेदन दिन चाहन्छु। के अब मलाई शुल्क तिर्नुपर्छ?

अब चाहे तपाईं **USCIS** सँग वा **EOIR** सँग आवेदन गर्नुहोस्, **$100 प्रारम्भिक शरण आवेदन शुल्क** तिर्नुपर्नेछ र **वार्षिक "प्रतीक्षा शुल्क" $100 प्रति वर्ष** लाग्नेछ जबसम्म तपाईंको शरण आवेदन प्रक्रिया पूरा हुँदैन। उदाहरण: यदि तपाईंले २०२५ को जुलाई २९ मा शरण आवेदन दिनुभयो भने, $100 नफर्काइने प्रारम्भिक शुल्क तिर्नु पर्छ। २०२६ को जुलाई २९ मा फेरि $100 वार्षिक प्रतीक्षा शुल्क तिर्नुपर्नेछ।

### मेरो शरण आवेदन अदालतमा प्रक्रियामा छ भने?

अब **शरणको मुद्दा विचाराधीन अवस्थामा रहँदा हरेक वर्ष $100 को वार्षिक प्रतीक्षा शुल्क** तिर्नुपर्ने हुन सक्छ। यदि तपाईंले आप्रवासन अदालतमा आफ्नो शरणको निवेदन दर्ता गर्नुभएको छ भने, EOIR (आप्रवासन न्यायालय) ले उक्त शुल्क कसरी तिर्ने भन्ने सम्बन्धी मार्गनिर्देशन अझै जारी गरेको छैन। तर, जसले आप्रवासन अदालतबाहिर (अर्थात् सकारात्मक रूपमा) शरणको लागि निवेदन गरिरहेका छन्, ती व्यक्तिहरूका लागि USCIS ले निर्देशन दिनेछ र व्यक्तिगत रूपमा सूचना पठाउनेछ—जहाँ शुल्क कहिले र कसरी तिर्नुपर्ने भन्ने जानकारी हुनेछ, साथै यस आर्थिक वर्षमा शुल्क नतिरेको खण्डमा के परिणाम हुने भन्ने बारेमा पनि जानकारी गराइनेछ। यस आर्थिक वर्षपछि लागु हुने शुल्कबारेको USCIS को निर्देशन अझ आउन बाँकी छ। तर अपेक्षा गरिएको छ कि शरणको लागि आवेदन दिनेहरूले हरेक वर्ष आवेदन दर्ता भएको मितिको वार्षिकोत्सव (anniversary) को मितिमा वा त्यसअघि वार्षिक शुल्क तिर्नुपर्नेछ।

### कामको अनुमति (EAD) को शुल्क कस्तो छ?

आश्रय, TPS र पैरोलका लागि आवेदन दिनेहरूको लागि काम अनुमतिको शुल्क पनि बढी छ। विवरणका लागि चार्ट हेर्नुहोस्।

### के शुल्क फेरि परिवर्तन हुन सक्छ?

**प्रत्येक आर्थिक वर्षमा शुल्क फेरबदल हुन सक्छ** र EOIR वा USCIS को वेबसाइटमा घोषणा गरिनेछ।

अन्तिम अद्यावधिक: १२ अगस्ट २०२५

### USCIS आवेदन शुल्क, आप्रवासन अदालत (EOIR) र आप्रवासन अपिल बोर्ड (BIA) मा भएका परिवर्तनहरू:

| श्रेणी | USCIS शुल्कमा परिवर्तन | EOIR र BIA शुल्कमा परिवर्तन |
|---|---|---|
| **शरण आवेदन** (Form I-589) | **$100** (फिर्ता नहुने र , छुट दिन नपाइने )<br>**वार्षिक प्रतीक्षा शुल्क: $100/वर्ष** | **$100** (फिर्ता नहुने र छुट दिन नपाइने )<br>**वार्षिक प्रतीक्षा शुल्क: $100/वर्ष** |
| **कामको अनुमति (EAD)** (Form I-765) | **TPS र पैरोल आवेदकहरू**<br>• **प्रारम्भिक वर्क परमिट:** $550 साथै विद्यमान USCIS शुल्क, अनलाइनमा कुल $1,020 वा डाकमार्फत<br>• **नवीकरण: प्रत्येक पटक $275**, र परमिट सम्भवतः केवल १ वर्षको लागि मात्र रहनेछ। साथै विद्यमान USCIS शुल्क, अनलाइनमा कुल **$745** वा कागजी फाइलिङका लागि **$795**<br>**आश्रय आवेदकहरू**<br>• **प्रारम्भिक वर्क परमिट: $550**<br>• **नवीकरण: प्रत्येक पटक $275,** र परमिट सम्भवतः केवल १ वर्षको लागि मात्र रहनेछ। साथै विद्यमान USCIS शुल्क, अनलाइनमा कुल **$745** वा कागजी फाइलिङका लागि **$795**<br>**आश्रय प्राप्तकर्ताहरू**<br>• शुल्कमा कुनै परिवर्तन छैन (आश्रय प्राप्त गरेका व्यक्तिहरूका लागि प्रारम्भिक वा नवीकरण EAD को कुनै शुल्क छैन)। | |
| **स्थायी कानुनी बसोबास आवेदन (LPR)** (Form I-485) | USCIS मा कुनै शुल्क परिवर्तन छैन | EOIR: $1,050 + नयाँ $1,500 = $2,940 (कृपया वकीलसँग सल्लाह लिनुहोस्) |
| **TPS आवेदन शुल्क** (Form I-821) | अब $500 (पहिले ~ $50) + $30 बायोमेट्रिक्स = कुल $530 | समान रूपमा $500 + $30 बायोमेट्रिक्स = $530 |
| **अपीलहरू** | | $110 + $900 = $1,010 (bond appeals मा शुल्क छैन) |
| **पुनरावलोकन वा पुनर्विचारको माग (EOIR)** | | अब $1,045 (पहिले ~ $110 वा निःशुल्क) |
| **पुनरावलोकन वा पुनर्विचारको माग (BIA)** | | $110 + $900 = $1,010 |
| **अदालतमा उपस्थित नभएर गिरफ्तार भएमा** | | $5,000 जरिवाना (यदि अदालत आदेश रद्द भएमा छुट) |

नोट: जहाँ USCIS ले शुल्क बढाएको छ, त्यो **२१ अगस्ट २०२५** देखि लागू हुने तालिका छ। EOIR का अपडेटहरू भने तुरुन्तै प्रभावकारी छन्। दुवै निकायहरूले भविष्यमा थप शुल्क वृद्धि गर्न सक्ने सम्भावना छ।

***अझ विस्तृत जानकारीका लागि, कृपया USCIS शुल्क क्याल्कुलेटर हेर्नुहोस्: [USCIS fee calculator.](#)**

### अन्य नयाँ शुल्कहरू:

| | |
|---|---|
| **सीमामा गिरफ्तार भएमा शुल्क** | यदि तपाईं **औपचारिक सीमा क्रसिङबिन्दु बाहिर समातिनुभयो भने: $5,000** (यदि तत्काल तिर्न नसके के हुन्छ भन्ने प्रष्ट छैन।) |

INTERNATIONAL RESCUE COMMITTEE

यो संसाधन सामान्य जानकारीका लागि मात्र हो। यो कानुनी सल्लाह होइन। शुल्क र प्रक्रिया छिटो परिवर्तन भइरहेका छन्। तपाईंको केससँग सम्बन्धित अद्यावधिक जानकारीको लागि योग्य आप्रवासन वकिल वा सम्बन्धित अदालतसँग सम्पर्क गर्नुहोस्।